"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी ,झापा
कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८३/०८४
सुचना नं. :१६

मिति: २०८३-०४-१९
ने.सं.: ११४६ दिल्लागा ६ मंगलवार

## सिलबन्दी दरभाउ प्रस्ताव सम्बन्धी सूचना
### सूचना प्रकाशित मितिः २०८३/०४/१९

कनकाई नगरपालिकाको चालु आ.व.२०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगरपालिकाबाट सञ्चालित विभिन्न विषयगत क्षेत्रहरुको योजना तथा कार्यक्रम एवं विकास निर्माण र सेवा प्रवाहका कार्यहरूको अभिलेखीकरण, समीक्षा तथा जनचेतना अभिवृद्धिका लागि देहाय बमोजिमको **"विषयगत क्षेत्रको विस्तृत समीक्षात्मक प्रतिवेदन तथा भिडियो सामग्री निर्माण र मिडिया प्रसारण कार्य"** का लागि यस कार्यालयमा सुचिकृत एवं इच्छुक मान्यता प्राप्त सञ्चार माध्यमहरूबाट १५ (पन्ध्र) दिनको **सिलबन्दी दरभाउ प्रस्ताव** आह्वान गरिन्छ।

१. **विषयगत क्षेत्र तथा लागत सीमा**

| क्र.स. | विषयगत क्षेत्रहरु | मुख्य कार्यहरु | अनुमानित लागत रकम (कर सहित) |
|---|---|---|---|
| १ | **सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा समावेसिकरण, बालमैत्री, युवाखेलकुद तथा नवप्रवर्तन आदी) | सम्वन्धित क्षेत्र अन्तर्गतका विषयहरु सबैलाई समेटि १ प्रति विस्तृत समीक्षा प्रतिवेदन एवं बुदा नं. १,२,३ को हकमाकम्तिमा ६० मिनेट र बुदा नं. ४,५ को हकमा कम्तिमा २० मिनेटको भिडियो सामग्री निर्माण तथा मिडिया प्रसारण | रु.३००,०००।— (अक्षरेपी तीन लाख रुपैंया मात्र) |
| २ | **आर्थिक विकास** (कृषि,पशुपक्षी, भुमि व्यवस्था सहकारी तथा वित्तीय सेवा, श्रम तथा रोजगारी, गरिबी निवारण आदि) | | रु.३००,०००।— (अक्षरेपी तीन लाख रुपैंया मात्र) |
| ३ | **पुर्वाधार विकास** | | रु.३००,०००।— (अक्षरेपी तीन लाख रुपैंया मात्र) |
| ४ | **संस्थागत विकास तथा सुशासन** | | रु.१००,०००।— (अक्षरेपी एक लाख रुपैंया मात्र) |
| ५ | **वन वातावरण, पर्यटन तथा विपद व्यवस्थापन** | | रु.१००,०००।— (अक्षरेपी एक लाख रुपैंया मात्र) |

नारायण न्योपाने
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः ०८३/०८४
सुचना नं. :१६

मितिः २०८३-०४-१९
ने.सं.: ११४६ दिल्लागा ६ मंगलवार

२. कार्य क्षेत्र

**सम्बन्धित विषयगत क्षेत्रभित्र रही प्रस्तावदाताले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू:**

- **सूचना संकलन तथा सम्पादनः** सम्बन्धित क्षेत्र अन्तर्गत सञ्चालित योजना, नीति तथा कार्यक्रमहरूको स्थलगत तथा आधिकारिक प्रगति विवरण संकलन गरी सम्पादन गर्ने।
- **सञ्चार माध्यमबाट सम्प्रेषणः** संकलित उपलब्धि तथा सूचनाहरूलाई अनलाइन मिडिया तथा सामाजिक सञ्चार माध्यमबाट प्रसारण गर्ने।
- **प्रतिवेदन निर्माणः** सम्बन्धित विषयगत क्षेत्रको प्रगति समीक्षात्मक विस्तृत प्रतिवेदन तयार गर्ने।

३. आवश्यक कागजातहरू

**प्रस्ताव पेश गर्दा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछः**

१. संस्था/फर्म/सञ्चार माध्यम दर्ता वा नवीकरण प्रमाणपत्र।
२. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।
३. आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र।
४. संस्थाको आफ्नो आधिकारिक प्रसारण माध्यम (अनलाइन, टेलिभिजन वा डिजिटल प्लेटफर्म) भएको प्रमाण वा दर्ता प्रमाणपत्र।
५. आ.व. २०८३/८४ मा कनकाई नगरपालिकामा सूचिकृत भएको प्रमाणपत्र ।

४. प्रस्ताव पेश गर्ने प्रक्रिया र विधि

- इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (अर्थात २०८३/०५/०२ गते कार्यालय समयभित्र) यस नगरपालिकाको कार्यालयमा सिलबन्दी खाममा दर्ता गराउनुपर्नेछ।
- म्याद नाघि आएका वा रीत नपुगेका दरभाउपत्रहरू उपर कुनै कारबाही गरिने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।
- खामको बाहिर "विषयगत क्षेत्रः (विषय क्षेत्रको नाम) - **"विस्तृत समीक्षात्मक प्रतिवेदन तथा भिडियो सामग्री निर्माण र मिडिया प्रसारण कार्य"** भनी स्पष्ट उल्लेख गर्नुपर्नेछ।

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत